तिलोत्तमा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मणिग्राम, रुपन्देही, ५ नं प्रदेश, नेपाल
कार्यपालिका बैठक संख्या ७/०७६/०७७ मितिः २०७६।०६।१६ गते ।

प्रस्तावहरु :

१. **"तिलोत्तमा लगानी सम्मेलन-२०७६"** समीक्षा एवम् धन्यवाद सम्बन्धमा ।
२. **"तिलोत्तमा नगरपालिकाको स्वरोजगार कार्यक्रम संचालन कार्यविधि, २०७६"** सम्बन्धमा ।
३. संघीय सरकार अन्तर्गत समपूरक एवम् विशेष अनुदानका आयोजना माग गर्ने सम्वन्धमा।
४. प्रदेश सरकार अन्तर्गत समपूरक एवम् विशेष अनुदानका आयोजना माग गर्ने सम्वन्धमा।
५. विविध ।
   क) स्वास्थ्य सेवाका कर्मचारी सम्बन्धमा ।
   ख) अवलोकन भ्रमण सम्वन्धमा ।
   ग) गौतमबुद्ध कवर्ड हल तथा संझना उद्यान मंगलापुर पार्कको निर्माणका लागि समन्वय सम्बन्धमा ।
   घ) शुभकामना आदान प्रदान सम्बन्धमा ।

निर्णयहरु :

निर्णय नं.-१

अ) यस नगरपालिकाद्वारा मिति २०७६/०६/०९ गते सम्पन्न प्रथम ऐतिहासिक **"तिलोत्तमा लगानी सम्मेलन-२०७६"** भव्यतापूर्वक सम्पन्न भएको, सम्मेलनबाट यस क्षेत्रमा हुने लगानी तथा उद्योग व्यवसायहरुको प्रवर्द्धन तथा विकासमा सकारात्मक सन्देश प्रवाह भएको समीक्षा गरियो । प्रारम्भ देखि हालसम्म सम्पादन भएका क्रियाकलापहरुको समीक्षा भयो। सम्मेलनका क्रममा रहेका कमी कमजोरीहरुलाई आत्मसाथ गर्दै आगामी दिनमा नदोहोऱ्याउने निर्णय गर्दै उक्त सम्मेलनमा देहायका निकायहरुसँग गरिएको MOU लाई अनुमोदन गरियो ।

   क) UK AID Skill For Employment (सीप) परियोजनासँग **"सीप र रोजगार प्रवर्धन कोष"** स्थापना गर्ने ।
   ख) नेपाल बैंक लिमिटेडद्वारा प्रदान गरिने सहुलियत कर्जा (महिला उद्यमशील, विपन्न वर्ग कर्जा, सीमान्तकृत वर्गका लागि कर्जा, बैदेशिक रोजगारबाट फर्किएका युवाहरुलाई कर्जा, कृषि, सामूहिक जमानी कर्जा) हरु यस नगरपालिकाको सिफारिसमा प्रदान गर्ने सम्झौता ।

आ) लगानी सम्मेलनमा प्रस्तुत भएका देहायका आयोजनाहरु संचालन गर्नको लागि **"आयोजना कार्यन्वयन इकाइ"** खडा गरी क्रमशः कार्यान्वयनमा लैजाने निर्णय गरियो ।

| S.N. | Name of the Project | Company |
|---|---|---|
| 1 | Tilottama Grid Connected Solar Project- 10 MW | Ridi Hydropower Development Company |
| 2 | Housing and Planning Project | Rupandehi Real Estate Association |
| 3 | Agro Industries Project | Annapurna Agro Industries |
| 4 | Vata Resort | Vata Resort Pvt. Ltd. |
| 5 | Railway Project | Tilottama Public Railway Limited |
| 6 | Tourism Hotel Project | Hotel Marigold Pvt. Ltd. |
| 7 | Textile Production Project | Naseeb Knitting and Textiles |
| 8 | Ultra High Temperature Pasteurization (UHT) Milk Processing | Lumbini Specialized Cooperative Union |
| 9 | Construction Equipment and Furniture Project | NG Industries Pvt. Ltd. |
| 10 | Agro Production and Industry Project | Tilottama Agro Foods |
| 11 | Technical Education Project | Oxbridge Technical Collage Pvt. Ltd. |
| 12 | Biogas and Organic Fertilizer Project | Mayadevi Investment Company Pvt. Ltd. |
| 13 | Garment Coloring Project | Naseeb Dying Industries |
| 14 | Mini Nepal Project | Dwarika Udaya Entertainment Pvt. Ltd. |
| 15 | AAC Block Production Project | Smart AAC Nepal Pvt. Ltd. |
| 16 | Plastic Bucket Production | Novel Plast Pvt. Ltd. |
| 17 | Smart Tunnel Farming Project | Sun Outdoor Pvt. Ltd. |
| 18 | Fuel and Black Carbon Refining Project | Power Plus Petrochemicals Pvt. Ltd. |
| 19 | Meat Processing | Tilottama Chamber of Comers |
| 20 | Commercial Farming Project | Uttam Agro Products and Machinery Pvt. Ltd. |
| 21 | Production of Confectionary items | Shagun Foods |
| 22 | Laundry Services Project | Linane Craft Laundry Pokhara |
| 23 | Dairy Production Project | Bishesh Dairy Udhyog |
| 24 | Steel Manufacturing Project | Mayur Steel Industries |
| 25 | Paints Production Project | Indigo Paints Pvt. Ltd. |

- "तिलोत्तमा लगानी सम्मेलन-२०७६" भव्यताका साथ सम्पन्न गर्नका लागि गठन भएका देहायका समितिहरुका संयोजक ज्यूहरुले आ-आफ्नो समितिले सम्पादन गरेका क्रियाकलापहरुको प्रतिवेदन मिति २०७६।०६।२९ गते भित्र सचिवालयमा पेश गर्ने ।

  १) लगानी सम्मेलन सचिवालय
  २) योजना छनौट तथा विश्लेषण उप-समिति
  ३) अतिथि स्वागत सत्कार उप-समिति
  ४) आर्थिक व्यवस्थापन उप-समिति
  ५) प्रचार प्रसार उप-समिति
  ६) यातायात तथा सवारी व्यवस्थापन उप-समिति
  ७) कार्यक्रम स्थल/स्वागतद्वार तथा सजावट उप-समिति
  ८) संघ संस्था तथा समन्वय उप-समिति
  ९) प्राथमिक उपचार व्यवस्थापन उप-समिति
  १०) सुरक्षा तथा स्वयम् सेवक उप-समिति
  ११) सांस्कृतिक व्यवस्थापन उप-समिति

१२) सहभागी परिचयपत्र व्यवस्थापन उप-समिति

१३) लगानी सम्मेलन सचिवालय कार्यालय संचालन उप-समिति

१४) कोसेली व्यवस्थापन उप-समिति

१५) आवास व्यवस्थापन उप-समिति

१६) परियोजना संझौता तथा कानुनी व्यवस्था उप-समिति

१७) स्थानीय उद्योगी व्यवसायी तथा लगानीकर्ता समन्वय उप-समिति

१८) कार्यक्रम स्थल व्यवस्थापन तथा सहजिकरण उप-समिति

१९) लगानीकर्ता तथा उद्यमी समन्वय उप-समिति

- लगानी समितिका सह-संयोजक श्री दुर्गाप्रसाद पाण्डे समेतको टिमले लगानी सम्मेलनमा भएको खर्चको विवरण मिति २०७६।०६।२९ गते पेश गर्ने ।
- तिलोत्तमा लगानी सम्मेलनलाई सफल बनाउन आमन्त्रित प्रमुख अतिथि लगायत सम्पूर्ण अतिथिज्यूहरु, राजनैतिक दल, कार्यपालिका सदस्य, नगर सभाका सदस्य, प्रमुख प्रशासकीय अधिकृत सहित कर्मचारी, सुरक्षा निकाय, टाइगर रिसोर्ट प्रा.लि. संचारकर्मी, टोल विकास संस्थाका पदाधिकारी, निजी क्षेत्र, सहकारी क्षेत्र, उद्योगी, व्यवसायी, होटल व्यवसायी लगायतका निकायलाई धन्यवाद दिने निर्णय गरियो ।

निर्णय नं.-२

- प्रस्तुत **"तिलोत्तमा नगरपालिकाको स्वरोजगार कार्यक्रम संचालन कार्यविधि, २०७६"** माथि दफावार छलफल गरी सामान्य परिमार्जन सहित अनुमोदन गरियो ।

निर्णय नं.-३

संघीय सरकारद्वारा जारी **समपूरक अनुदान सम्बन्धी कार्यविधि-२०७५, दोस्रो संशोधन कार्यविधि, २०७६** र **विशेष अनुदान सम्बन्धी कार्यविधि-२०७५, दोस्रो संशोधन कार्यविधि, २०७६** अनुसार संघीय सरकार समक्ष देहाय बमोजिमका आयोजनाहरुको लागि बजेट माग गर्ने निर्णय गरियो ।

| **समपूरक अनुदान :** | | |
|---|---|---|
| **क.स.** | **आयोजनाको नाम** | **आयोजना कार्यान्वयन गर्ने स्थान** |
| १ | तिलोत्तमा औद्योगिक क्षेत्र पूर्वाधार निर्माण | वडा नं. १० |
| २ | शंकरपुर देखि नगरपालिका भवन सम्म जाने सडक निर्माण | वडा नं. ६ र ९ |
| ३ | वडा कार्यालय भवन निर्माण | वडा नं. ८ |
| **विशेष अनुदान :** | | |
| १ | योगिकुटी कृषि हाट बजार व्यवस्थापन | वडा नं. २ |
| २ | गणेशपुर कृषि हाट बजार व्यवस्थापन | वडा नं. ६ |
| ३ | सेमरा कृषि हाट बजार व्यवस्थापन | वडा नं. ७ |

**माधव प्रसाद शर्मा**
**प्रमुख प्रशासकीय** अधिकृत

निर्णय नं.-४

प्रदेश सरकारद्वारा जारी **समपूरक अनुदान सम्बन्धी कार्यविधि-२०७५** र **विशेष अनुदान सम्बन्धी कार्यविधि-२०७५** अनुसार प्रदेश सरकार समक्ष देहाय बमोजिमका आयोजनाहरुका लागि बजेट माग गर्ने निर्णय गरियो ।

| | | |
|---|---|---|
| **समपूरक अनुदान :** | | |
| १ | दुग्ध संकलन तथा प्रशोधन केन्द्र | ति.न.पा., वडा नं. ६ |
| **विशेष अनुदान :** | | |
| १ | सखिया थारु घरवास कार्यक्रम (Home Stay) | वडा नं. १३ |

*(नोट : दुग्ध संकलन तथा प्रशोधन केन्द्र निर्माणका लागि स्थानीय सरकारबाट आवश्यक पर्ने समपूरक तर्फको रकम लुम्बिनी विशिष्टिकृत सहकारी संघ लिमिटेडले व्यहोर्ने ।)*

निर्णय नं.-५ (क)

- कर्मचारी समायोजन पश्चात तिलोत्तमा नगरपालिकामा समायोजन भई आउने स्वास्थ्य सेवाका कर्मचारीहरुको हकमा स्वीकृत दरवन्दी भन्दा बढी कर्मचारीहरुलाई हाजिरी नगराई सम्बन्धित निकायमा नै फिर्ता पठाउने निर्णय गरियो ।

निर्णय नं.-५ (ख)

- मायादेवी इन्भेष्टमेन्ट कम्पनी प्रा.लि. द्वारा फोहोरमैला व्यवस्थापन गरी सोबाट बायोग्यास तथा अर्गानिक मल उत्पादन गर्ने उद्योगहरुको अवलोकन गर्नका लागि मिति २०७६/०६/२४ गते देखि २०७६/०७/०३ गते सम्म भारतको विभिन्न स्थानमा भ्रमण कार्यक्रम आयोजना गरिएकोमा यस कार्यालयबाट नगर उप-प्रमुख श्री जगेश्वरदेवी चौधरीलाई "पदाधिकारीहरुको विदेश भ्रमण सम्बन्धी निर्देशिका-२०७५" बमोजिम सहभागी हुन सहमती दिने निर्णय गरियो ।

निर्णय नं.-५ (ग)

- तिलोत्तमा नगरपालिका, वडा नं.-९ को वडा कार्यालय परिसरमा गौतमबुद्ध कवर्ड हल निर्माण योजनाका लागि संघीय सरकार खेलकुद मन्त्रालयबाट र संझना उद्यान निर्माण ति.न.पा.-९, मंगलापुरका लागि वन तथा वातारण मन्त्रालयबाट बजेट विनियोजन भई आएको हुँदा यथाशीघ्र निर्माण कार्यको प्रक्रिया अगाडि बढाउने निर्णय गरियो ।

निर्णय नं.-५ (घ)

- नेपालीहरुको महान् चाड वडा दशैं, शुभ-दिपावली तथा छठ, नेपाल सम्वत् लगायतका पर्वहरुको उपलक्ष्यमा एकआपसमा शुभकामना आदान प्रदान गरियो । साथै, सोही अवसरमा सम्पूर्ण नगरवासीहरुलाई हार्दिक मंगलमय शुभकामना ज्ञापन गर्ने निर्णय गरियो ।

**माधव प्रसाद शर्मा**
**प्रमुख प्रशासकीय अधिकृत**